नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २७५ | २०८० साल जेठ २६ गते शुक्रबार (9 June 2023 Friday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ४६ सय ३९ मेगावाटका सात ठूला.. ३ पृष्ठमा : प्रदेश सरकारको नीति कार्यक्रम :... ३ पृष्ठमा ३ जना अवोध बालबालिकामाथि...

# गाउँपालिकाद्वारा किसानलाई एकपछि अर्को उपहार




**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

जिल्लाको एक पालिकाद्वारा किसानलाई प्रोत्साहन गर्न एकपछि अर्को योजना कार्यान्वयनमा ल्याएको छ ।

सप्तरीको रुपनी गाउँपालिकाले गाउँपालिका भित्रका विभिन्न कृषिजन्य उत्पादनमा लागेका किसानको पहिचानका लागि बिहीबारदेखी वर्गिकरणसहितका किसान परिचयपत्र बितरण कार्य शुभारम्भ गरेको छ ।

यसअघि सो पालिकाले किसानलाई प्रोत्साहन गर्न विद्युत प्राधिकरणसँग सम्झौता गरि गाउँपालिकाभित्र संचालित सिंगल फेज कृषि मिटरको सबै किसानको मासिक विद्युत महसुल पनि ब्यहोर्ने निर्णय गरिसकेको छ ।

बिहीबार पहिलो दिन एक कार्यक्रमबीच गाउँपालिकाका विभिन्न वडाका गरि ३९ जना किसानहलाई "किसान परिचय पत्र" बितरण गरिएको छ । गाउँपालिकाका किसान र कृषि क्षेत्रलाई प्रोत्साहन गर्नका लागि यस्तो योजना कार्यान्वयनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए ।

कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको व्यवसायीकीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गरि गुणस्तरिय उत्पादन तथा किसानलाई समय समयमा विशेष सुविधा दिन उक्त परिचयपत्र बितरण कार्य प्रारम्भ गरिएको अध्यक्ष यादवको भनाई छ ।

युवालाई कृषि पेशामा आवद्ध गरि उत्पादनमा जोड्न र रोजगार सृजना गरि आयमूलक विशेष कृषि कार्यक्रमको थालनी गरिएको उनले उल्लेख गरे । यो अभियान अझै जारि रहने उनले जानकारी दिएका छन् ।

गाउँपालिकाले किसान वर्गिकरण सम्बन्धी कार्यबिधी गाउँसभाबाट स्वीकृत गराई राष्ट्रिय कृषक समूह महासंघ सँग सम्झौता पश्चात् उक्त योजना अघि बढाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश कुमार यादवले जानकारी दिए ।

राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णुमाया ओझाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उपप्रमुख शम्भु कुमार यादव, राष्ट्रिय किसान आयोगका प्रवक्ता जिवन्ती पौडेल, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेत, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रतिनिधि कुलप्रसाद रेग्मी, गाउँपालिकाका प्रशासन प्रमुख जामुन कुमार दास लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

# लूबाट बच्न बढी गर्मीमा घरभित्र बस्न आग्रह

काठमाडौँ, २५ जेठ (रासस) ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशका तराई भूभागमा आगामी चार दिनसम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्नका लागि आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

देशभरिको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भूभागमा तापक्रम क्रमिकरुपमा बढ्ने देखिन्छ ।

काठमाडौँ उपत्यकालगायत देशका अन्य उपत्यकामासमेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भूभागमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ ।

हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन र विश्लेषणअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ । साथै पहाडी भूभागका उपत्यका तथा खोँचमासमेत तापक्रम क्रमिकरुपमा बढ्नसक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहनसमेत अनुरोध गरिएको छ ।

महाशाखाले तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्किँदा टाउको छोप्ने, टोपी लगाउन सुझाव दिएको छ ।

साथै नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत अनुरोध गरिएको छ ।

तातो हावा तथा लूबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएको छ ।

# युवक र महिला झुण्डिएको अवस्थामा फेला, विषादी सेवन गरेकी युवतीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

सप्तरीमा एक युवक र एक महिला झुण्डिएको अवस्थामा फेला परेका छन् भने विषादी सेवन गरेकी एक युवतीको उपचारका क्रममा मृत्यु भएको छ ।

योसँगै जिल्लामा चालु आ.ब. २०७९/८० को अवधीमा ९९ जनाले विभिन्न कारणले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बिहीबार जिल्लाको बोदेबर्साईन नगरपालिका वडा न. ८ वैरियाही निवासी २० वर्षिय चित्ररंजन कुमार यादवले स्थानिय बगैचामा आपको रुखमा डोरीको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै बुधबार जिल्लाको रुपनी गाउँपालिका ५ धुरगाम टोल निवासी २५ वर्षिया बबि दास आफ्नै घरको सुत्ने कोठाको धरैनमा साडिको पासो लगाई झुन्डिएको अवस्थामा मृत्य फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाकै अग्निसाईर कृष्णसवरण गाउँपालिका ५ छबकी बस्ने २२ वर्षिया प्रियङ्का कुमारी महतोले नाम नखुलेको विषादी सेवन गरेको प्रहरीले जनाएको छ ।

विषादी सेवन पश्चात् गम्भिर बिरामी परेपछि उनलाई छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएकोमा सोही अस्पतालमा उपरचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तीनै घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति साहको निधन

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा रामकेवल साहको बिहीबार बिहान निधन भएको छ ।

करिब एक सातादेखि भारतको नयाँ दिल्लीमा उपचाररत ६९ वर्षीय डा साहको निधन भएको हो । उपकुलपति साह दुई महिनादेखि फोक्सोको क्यान्सरबाट पीडित थिए ।

उपकुलपति साहको काठमाडौँमा उपचार सम्भव नभएपछि भारतको नयाँ दिल्ली लगिएको थियो । उनी नशा तथा हाडजोर्नी रोग विशेषज्ञ समेत थिए । डा साहलाई मधेस प्रदेशले २०७७ माघ १८ गते प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको थियो ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# २४ घन्टाभित्र जनतालाई सेवा दिन नसक्ने राज्यका निकायलाई कारबाही गर्नुपर्ने

काठमाडौं, २५ जेठ (रासस) । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसद ऋषिकेश पोखरेलले कम्तीमा २४ घन्टाभित्र जनतालाई सेवा दिन नसक्ने राज्यका निकायलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको छलफलमा भाग लिँदै सांसद पोखरेलले जनतालाई छिटोछरितो सेवा दिनुको सट्टा राज्यका निकायले नै अनेक बहानामा झुलाउने र टार्ने काम गर्दै आएको भन्दै त्यस्ता निकायलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो ।

सांसद छिरिङ ल्यामु तामाङले कर्णाली प्रदेशमा यसपटक पर्याप्त बजेटको व्यवस्था गरेकामा धन्यवाद व्यक्त गर्दै कार्यान्वयनका लागि आग्रह गर्नुभयो । "बजेटमा जलस्रोत, पर्यटन, सामाजिक सुरक्षा, वन जङ्गल, कृषिलाई प्राथमिकता दिनु भनेको मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउनु हो, तर पनि बजेटमा उत्पादनमुखी कार्यक्रमलाई अझ प्राथमिकता दिनुपर्ने थियो", उहाँले भन्नुभयो ।

सांसद जावेद खातुन जाँगाले बजेट सकारात्मक भएको टिप्पणी गर्नुभयो । देशको विकास र समृद्धिका लागि प्रत्येक नेपालीको घरमा रोजगारीको व्यवस्था हुनुपर्ने उहाँको भनाइ छ । "हामी कुनै न कुनै समुदायको पहिचान बोकेर यहाँसम्म आइपुगेका छौं, मुस्लिम समुदायलाई बजेटमा खासै समावेश गरेको पाइँदैन, मदरसा शिक्षाका लागि किन बजेट आउन सकेन ? मुस्लिम समुदाय पनि राज्यको संरचनाबाट बञ्चित भएको समुदाय हो, उनीहरूका लागि बजेटको व्यवस्था हुनुपर्छ", उहाँले भन्नुभयो ।

सांसद सुनिता बरालले चालु खर्च पुनरावलोकन गर्न अर्थमन्त्रीसमक्ष आग्रह गर्नुभयो । उहाँले शिक्षामा पर्याप्त बजेटको व्यवस्था भए पनि त्यसको सही कार्यान्वयन भए/नभएको अवस्थाबारे अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद कुसुमदेवी थापाले बजेटले स्वदेशी उत्पादनको प्रवर्द्धनमा जोड दिएको जुन सकारात्मक भएको टिप्पणी गर्नुभयो । सांसद महेश बस्नेतले सरकारले पछिल्लो समयमा किसानले विभिन्न कारणले घाटा बेहोरिरहेको बताउँदै किसानलाई क्षतिपूर्ति र राहतको व्यवस्था गर्न बजेटको माग गर्नुभयो ।

सांसद सपना राजभण्डारीले स्वास्थ्य क्षेत्रको बजेट कटौतीले नागरिकमा नकारात्मक प्रभाव पर्नसक्ने बताउनुभयो । सांसद वासुदेव घिमिरेले बजेट पहुँचका आधारमा बजेट छुट्याउने काम गरिएको टिप्पणी गर्नुभयो । सांसदहरू रुक्मेनी राना बराइली, दामोदर पौडेल बैरागी र अमृतलाल राजवंशीले बजेटमाथि आआफ्नो धारणा राख्नुभएको थियो ।

# ४६ सय ३९ मेगावाटका सात ठूला आयोजना भारतीय कम्पनीको पकडमा

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा थप दुई जलविद्युत् परियोजनामा हस्ताक्षर भएसँगै नेपालका सात ठूला परियोजना भारतीय कम्पनीका हातमा पुगेका छन् । यी आयोजनाबाट ४ हजार ६ सय ३९ मेगावाट विद्युत् उत्पादनको लक्ष्य छ । लगानी अन्य मुलुकको भएमा विद्युत् खरिद नगर्ने निर्देशिका ल्याएको भारतले नेपाली जलस्रोतमा करिब-करिब एकाधिकार जमाउन लागेको छ ।

पछिल्लो पटक गत बिहीबार नयाँदिल्लीमा दुई मुलुकका प्रधानमन्त्रीको उपस्थितिमा ६ सय ७९ मेगावाटको तल्लो अरुण र ४ सय ८० मेगावाटको फुकोट कर्णाली जलविद्युत् आयोजनामा सम्झौता भएको छ । यी आयोजना भारत र नेपालका सरकारी कम्पनीहरूको जोइन्ट भेन्चर (जेभी) मा निर्माण हुन लागेका हुन् । भारतीय लगानीमा बन्न लागेका अन्य पाँच आयोजनामध्ये चार भारतीय सरकारी स्वामित्वका एनएचपीसी र एसजेभीएन कम्पनीले लिएका छन् । निजी कम्पनी जीएमआरले जिम्मा लिएको माथिल्लो कर्णाली अलपत्रजस्तै छ ।

भारतीय कम्पनीले बनाउने भनेका सातमध्ये चार अर्थात् पश्चिम सेती, सेती नदी-६, अरुण चौथो र फुकोट कर्णाली आयोजना सरकारले बिनाप्रतिस्पर्धा दिएको हो । पश्चिम सेती र सेती नदी-६ जलविद्युत् आयोजना शेरबहादुर देउवा नेतृत्वको सरकारका पालामा सिधै वार्ता गरेर जिम्मा दिइएको हो । तल्लो अरुणमा भने नेपाल विद्युत् प्राधिकरणले ५१ प्रतिशत सेयर साझेदारीसहित एसजेभीएनलाई भित्र्याएको हो । फुकोट कर्णालीमा नेपाल सरकारको विद्युत् उत्पादन कम्पनीले ५१ प्रतिशत सेयर साझेदारीमै एनएचपीसीलाई भित्र्याइएको छ ।

पश्चिम सेती आयोजना अन्य मुलुकका कम्पनी हुँदै भारतीय कम्पनीसम्म पुगेको हो । यो आयोजना निर्माणको जिम्मा २६ वर्षअघि अस्ट्रेलियाली कम्पनी 'स्मेक' लाई दिइएको थियो । तर, पटकपटक म्याद थप्दा पनि कम्पनीले आर्थिक स्रोत जुटाउन नसकेपछि ०६८ साउनमा सम्झौता खारेज भयो । त्यसपछि सरकारले चिनियाँ कम्पनी 'थ्री गर्जेज' लाई दियो । थ्री गर्जेजसँग सन् २०१४ मा निर्माण सुरु गरी २०१९ डिसेम्बरमा काम सक्ने सम्झौता थियो ।

काम अगाडि नबढेपछि सरकारले ०७५/७६ को बजेटमार्फत यो आयोजना स्वदेशी लगानीमै निर्माण गर्ने घोषणा गऱ्यो । तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले प्रस्तुत गरेको बजेटमा 'पश्चिम सेतीलाई नेपालभित्रकै स्रोत परिचालन गरी निर्माण सुरु गरिने' उल्लेख थियो । तर देउवा नेतृत्वको मन्त्रिपरिषद्ले ०७९ मा उक्त आयोजना बिनाप्रतिस्पर्धा भारतीय कम्पनी एनएचपीसीलाई दियो ।

विसं ५० को दशकको सुरुमै विश्व बैंकको समेत लगानीमा बनाउने भनिएको अरुण तेस्रो आयोजना नेपालका राजनीतिक दलको राजनीतिक खिचातानीको मञ्च बनेको थियो । विश्व बैंकले हात झिकेपछि लामो समयसम्म त्यसै रहेको आयोजनामा भारतीय कम्पनी एसजेभीएन भित्रिएको हो । सोही कम्पनीले निर्माणको जिम्मा पाएको तल्लो अरुणका लागि प्रधानमन्त्री दाहालको भारत भ्रमणमा परियोजना विकास सम्झौता (पीडीए) भएको हो । एसजेभीएन भारत सरकार र हिमाचल प्रदेशको ज्वाइन्ट भेन्चर कम्पनी हो ।

भारतीय कम्पनीले पाएका आयोजनामध्ये अरुण तेस्रोमा काम सन्तोषजनक छ । उक्त आयोजनामा करिब ६५ प्रतिशत प्रगति रहेको लगानी बोर्डले जनाएको छ । पश्चिम सेती र सेती नदी-६ मा पनि बोर्डले दिएको समय सीमाअनुसार नै काम भइरहेको लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले दाबी गरे । 'अरुण तेस्रोजस्ता ठूला आयोजना निर्माणमा उल्लेख्य प्रगति हुँदै गएको छ, यसबाट नेपालमा आयोजना निर्माणका लागि वातावरण पनि बन्दै गएको छ,' उनले भने ।

भारतीय कम्पनीले जिम्मा लिएका आयोजनामध्ये ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णालीमा भने कुनै प्रगति छैन । माथिल्लो कर्णालीका लागि ०७१ मै परियोजना विकास सम्झौता (पीडीए) भएको थियो । तर, कम्पनीले हालसम्म वित्तीय स्रोत (लगानी) नै जुटाउन सकेको छैन । यसका लागि लगानी बोर्डले पटक-पटक म्याद थप्दै आएको छ ।

नेपाली विद्युत्को सबैभन्दा बलियो बजार भारत रहेकाले आयोजना निर्माण जिम्मा पनि उसैलाई दिनु सकारात्मक रहेको कतिपय विज्ञको तर्क छ । तर, त्योभन्दा बढी भारत स्वयंले पनि नेपाली जलस्रोतमा एकाधिकार जन्माउने नीति लिएको छ । भारतले सन् २०१८ मा पारित गरेको 'सीमापार विद्युत् व्यापार निर्देशिका' ऊर्जा सम्झौता नभएका मुलुकको लगानी भएका आयोजनाबाट बिजुली खरिद नगर्ने सर्त राखेको छ । यसको अर्थ नेपालमा भारत, बंगलादेश, भुटानबाहेक मुलुकका लगानीकर्ताले निर्माण गरेका आयोजनाको बिजुली भारतले लाँदैन । त्यही नीतिका कारण नेपाली जलविद्युत्मा भारतबाहेकका अन्य देशको लगानी खुम्चिने भएको छ ।

नेपालको बिजुली भारत र चीनबाहेक मुलुकमा निर्यात सम्भव छैन, बिजुली चीन निर्यात सहज छैन यद्यपि चीन जोड्ने प्रसारणलाइन हालसम्म अध्ययनकै चरणमा छ । त्यस्तै बंगलादेश निर्यातका लागि भारत भूमि र अनुमति चाहिन्छ । बजार सुनिश्चित नहुँदा नेपाली जलविद्युत्का लागि भारतीय लगानी अनिवार्यजस्तै छ । चिनियाँ लगानी भएको बिजुली भारतले नकिन्ने भएपछि यसअघि जिम्मा लिएका आयोजनाबाट चिनियाँ कम्पनी बाहिरिँदै गएका छन् । कतिपय आयोजना चिनियाँबाट खोस्दै नेपाल सरकारले नै भारतीय कम्पनीलाई दिएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली नेपालबाट लैजाने घोषणा गरिसकेका छन् । ४ हजार ६ सय ३९ मेगावाट क्षमताका आयोजना हात पारिसकेको भारतले थप आयोजनामा पनि चासो राखेको छ । ७ सय ५६ मेगावाटको तमोर जलविद्युत् आयोजना चिनियाँबाट खोसेर भारतीय कम्पनीले लैजाने करिब तय भइसकेको छ । तमोरबाट पावर चाइनालाई हटाउन १ महिने स्पष्टीकरण सोधिएको छ । १ हजार ९ सय २ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनामा पनि भारतीय चासो रहेको छ । १ हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण हात पार्न भारतले निकै जोड गरिरहेको छ ।

भारतीय कम्पनीलाई जलविद्युत् आयोजना निर्माण गर्न दिँदा बिजुली पनि भारतीय बजारमा खुला रूपमा जान पाउनुपर्ने सर्त नेपालले राख्नुपर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख एवं जलस्रोतविद् सूर्यनाथ उपाध्याय बताउँछन् । 'तेस्रो देशले निर्माण गरेको बिजुली भारतले किन्दैन भने त्यसलाई परिवर्तन गर भन्न सक्नुपऱ्यो,' उनले भने, 'हाम्रो स्रोतमा हामी नै झुकेर ज्यूज्यू गर्नुपर्दैन । हामीलाई कसरी फाइदा हुन्छ, त्यहीअनुसार संवाद गर्न सक्नुपऱ्यो ।' मुलुकलाई के-कति फाइदा हुन्छ र त्यो आयोजना कति समयमा सकिन्छ भन्ने अध्ययन गरेर सरकारले सम्झौता गर्नुपर्ने उपाध्यायको भनाइ छ । 'जुनसुकै देशले बनाए पनि पानी सदुपयोग हुने गरी आयोजना बनाउने हो,' उनले भने, 'त्यसमा देशलाई के कस्तो फाइदा र बेफाइदा हुन्छ, राम्रोसँग अध्ययन गरी बजार सुनिश्चित गरिनुपर्छ । समयमा काम गरेन भने कारबाही गर्नुपऱ्यो ।'

ऊर्जा सम्झौता नभएका मुलुकको लगानी स्वीकार्य नहुने भारतको निर्देशिका कारण नेपालमा भारतीय लगानी अनिवार्यजस्तै देखिएको पूर्वऊर्जा सचिव देवेन्द्र कार्की बताउँछन् । 'हामी भारतलाई गाइडलाइन परिवर्तन गर भन्न सक्दैनौं,' उनले भने, 'समयमा बनाउने हो भने देशलाई रोयल्टी आउँछ, दिनु ठीकै हो । तर, जीएमआरले जस्तो होल्ड गरेर राख्नुभएन ।'

नेपाल विद्युत् प्राधिकरण पूर्वकार्यकारी निर्देशक मुकेश काफ्लेले आयोजना निर्माणमा भारतीय लगानी भित्र्याउँदा दीर्घकालीन असरका बारेमा पनि विचार गर्नुपर्ने बताउँछन् । 'पानी बगेर खेर जानुभन्दा सदुपयोग गर्ने पाटोबाट हेर्दा यो राम्रो हो,' उनले भने, 'तर यसको दीर्घकालीन असरबारे पनि अध्ययन हुन जरुरी छ ।' नेपालमा भारतीय लगानी आउँदा उत्पादित विद्युत् बिक्रीका लागि भारतमा खुला पहुँच हुनुपर्ने उनको भनाइ छ ।

ऊर्जाविद् रामप्रसाद धिताल जलविद्युत् विकासमा भारतलाई साथमा ल्याउन जरुरी रहेको तर सरकार-सरकारबीच (जीटुजी) दीर्घकालीन व्यापारको सम्झौता हुनुपर्ने बताउँछन् । 'सरकार बलियो रूपमा प्रस्तुत भएर नेपाललाई फाइदा पुग्ने गरी सम्झौता गर्नुपर्छ,' उनले भने ।

मुलुक आर्थिक मन्दीमा रहेकाले लगानी अत्यावश्यक रहेको उल्लेख गर्दै लगानी बोर्डका पूर्वकार्यकारी अधिकृत राधेश पन्त भारतीय, चिनियाँ वा अमेरिकी जुनसुकैको भए पनि लगानी भित्र्याउनुपर्ने बताउँछन् । 'ठूला आयोजनामा जोखिम धेरै हुन्छ । कतिपय जोखिम सरकारले मात्रै लिन सक्छ । कतिपयमा अनुमतिकै लागि सरकारले ढिलाइ गरेको हुन्छ । यी सबै विषय समयमै सम्बोधन हुने र समयमै निर्माण हुने गरी जिम्मा दिनुपर्छ,' उनले भने । एबिसी न्युजबाट


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश सरकारको नीति कार्यक्रम : कृषि क्षेत्र प्राथमिकतामा

**राजु विश्वकर्मा**
वीरगञ्ज, २५ जेठ (रासस)।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रममा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ। प्रदेशसभाको बैठकमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

विगत वर्षको नीति तथा कार्यक्रमभन्दा अहिले आएको नीति कार्यक्रममा कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रले विशेष प्राथमिकता पाएकाले मानव सूचकाङ्कमा पछि परेको यो प्रदेशको समग्र विकासले गति लिने विश्वास लिइएको छ।

किसानका समस्यालाई सम्बोधन हुने गरी सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रले प्राथमिकता पाउँदा अन्नबालीको भण्डार मानिएको मधेस प्रदेशको कृषि क्षेत्रमा सुधार आउने सङ्केत देखिएको किसानले बताएका छन्। नीति तथा कार्यक्रममा समेटिएका कृषि लक्षित कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्ने उहाँहरूको भनाइ छ।

"यसरी हेर्दा सरकारको नीति तथा कार्यक्रम कृषिमैत्री देखिन्छ", बाराको गढीमाईका किसान सुकदेव कुशावाहा भन्नुहुन्छ, "नीति कार्यक्रम असाध्यै लोकप्रिय छ, यसले किसानको समस्यालाई सम्बोधन गर्नसक्ने देखिन्छ।" तर नीति कार्यक्रम आउनुभन्दा पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहेको उहाँको भनाइ छ।

कृषि क्षेत्रको सम्भावना, विकास तथा प्रवर्द्धन गर्न गुरुयोजना तयार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व सम्बर्द्धनका लागि निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रुपान्तरण गरने प्रदेश सरकारको नीति कार्यक्रममा उल्लेख छ।

कृषकलाई समयमै मलखाद्य, बीउबिजन प्राविधिक सेवा तथा अन्य सामग्री दिने र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि प्रदेश र स्थानीय सरकारको सहकार्यमा बाँझो एवं उपयोगविहीन खेतीयोग्य जग्गाको प्रयोगका लागि कृषक समूह तथा कृषक सहकारीलाई भाडामा जग्गा उपलब्ध गराइने प्रदेश सरकारले नीति लिएको छ।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षमा 'एक टोल एक सामुदायिक कृषि उत्पादन', 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र'का कार्यक्रम सञ्चालन गर्ने भएको छ।

कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेसाकारुपमा रुपान्तरित गर्दै कृषिउपजको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुर्याउन स्क्रीन हाउस, भण्डार गृह, शीतभण्डार र बीउ प्रशोधन केन्द्र निर्माण गरिने मधेस प्रदेश सरकारको नीति कार्यक्रममा उल्लेख छ।

मधेस कृषि विश्वविद्यालयमा अध्ययनरत प्राविधिक जनशक्तिलाई स्थानीय तहसँग समन्वय गरी किसानसम्म प्रविधि हस्तान्तरणका लागि कार्य प्रशिक्षण कार्यमा संलग्न गराइने र मधेस कृषि विश्वविद्यालयअन्तर्गत सम्भाव्यता अध्ययन गरी बारा जिल्लामा 'भेटेनरी कलेज एण्ड रिसर्च सेन्टर' स्थापना गरिने प्रदेश प्रमुख मिश्रले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा उल्लेख छ।

"किसानको मुख्य समस्या भनेको सिँचाइ, मलखाद्य र गुणस्तरीय बीउबिजन समयमा नपाउनु हो", अखिल नेपाल किसान सङ्घका नेता हरिनारायण महतो भन्नुहुन्छ, "अहिलेको नीति तथा कार्यक्रममा सिँचाइ, मलखाद्य र बीउबिजन उपलब्ध गराउने उल्लेख छ, जुन असाध्यै राम्रो कुरा हो।" तर विगतमा आएका कार्यक्रम प्रभावकारी नभए जस्तै अहिलेको नीति कार्यक्रम पनि कार्यान्वयन हुँदैन भन्नेमा आशङ्का लागिरहेको छ, उहाँको भनाइ छ।

पशुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि नश्ल सुधार कार्यक्रम, अनुवांशिक स्रोतको संरक्षण, नवीनतम नश्लको आयात तथा प्रवर्द्धन गर्न सङ्घीय र स्थानीय सरकारसँगको सहकार्यमा कृत्रिम गर्भाधान केन्द्र स्थापना गरी घुम्ती कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिने लिएको प्रदेश सरकारले प्रदेशभरिका सबै वडामा पालिका तथा निजी क्षेत्रसँगको सहकार्यमा एक/एक जना प्राविधिक परिचालन गरी पशु स्वास्थ्य सेवा घरदैलोसम्म पुर्याइने नीतिलाई अघि सारेको छ।

यसले नीति तथा कार्यक्रममार्फत अघि सारेको योजना कार्यक्रम सफलरुपमा कार्यान्वयन गरिने मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपाने बताउनुहुन्छ।

"अहिले नीति तथा कार्यक्रममा समेटिएका अधिकांश कार्यक्रम मधेसका जनताको चाहनालाई सम्बोधन गर्ने खालको छ", मन्त्री न्यौपानेले भन्नुभयो, "अब नीति तथा कार्यक्रमै टेकेर किसानले भोग्दै आएका समस्यालाई सम्बोधन हुनेगरी बजेट ल्याएर कार्यान्वयन गर्छौं।" अहिले आएका कार्यक्रम कार्यान्वयन हुँदैन् कि भन्ने आशङ्का गर्ने कुनै कारण, जसरी पनि यी कार्यक्रमलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ, उहाँले भन्नुभयो।

कृषिलाई प्रवर्द्धन गर्न 'सिँचाइ मे लगानी किसानके खुशहाली' नाराअघि सारेको प्रदेश सरकारले त्यसलाई सार्थक बनाउन सतह सिँचाइ सम्भौता सिँचाइ प्रणाली तथा भूमिगत सिँचाइ प्रणालीलाई अभ सघनताका साथ अघि बढाउने घोषणा गरेको छ। त्यस्तै कृषियोग्य बाँझो जग्गालाई उपयोग ल्याउन सामूहिक र सहकारी कृषि प्रणाली अवलम्बनमा जोड दिइने र बगर खेतीलाई प्रोत्साहित गरिने जनाएको छ।

समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयनमा ल्याउने घोषणा गरेको प्रदेश सरकारले 'जहाँ बाटो त्यहाँ रुख, जसले ल्याउँछ परमसुख' को नारालाई चरितार्थ गर्न स्थानीय तहको समन्वय र सहकार्य सडक किनारमा बिरुवा रोपी हरियाली प्रवर्द्धन गर्ने तथा प्रदेशमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने सरकारले घोषणा गरेको छ।

कृषिबाहेक सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ मा मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी अभिवृद्धि, गरिबी निवारण, दिगो विकास तथा पर्यावरण संरक्षा तथा सुशासनको प्रत्याभूतिलाई समेत प्राथमिकता दिने सरकारको नीति कार्यक्रममा उल्लेख छ।

सार्वजनिक क्षेत्रको अनुउत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानीलाई प्रोत्साहित गर्ने नीति लिएको प्रदेश सरकारले प्रदेशमा लगानी प्रवर्द्धनलाई सरलीकरण, सहजीकरण र नियमन गर्ने घोषणा गरेको छ।

प्रदेशस्तरीय बहुआयामिक गरिबीको अध्ययन, मधेस प्रदेश सरकार तथा स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धिका लागि रणनीति योजनातर्जुमा लैङ्गिक असमानता र समावेशीकरणसम्बन्धी अध्ययन अनुसन्धान, अन्य प्रादेशिक नीति, मार्ग दर्शन र कार्यविधि निर्माण गरिने प्रदेश सरकारको नीति तथा कार्यक्रममा जनाएको छ।

पर्यटनलाई मधेस प्रदेशको समृद्धिको मूल आधार बनाएको प्रदेश सरकारले 'प्रादेशिक पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधार' भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ प्रादेशिक महत्वका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक पर्यटनमुखी उत्पादनलाई विकास, प्रवर्द्धन गर्न दीर्घकालीन नीति लिने भनिएको छ।

प्रदेशअन्तर्गतका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय हिसाबले 'हटस्पट' घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने र 'चुरे जोगाऔं, मधेस बचाऔं' अभियानलाई मूर्त रुप दिँदै प्रदेशका जिल्ला सदरमुकामलाई हरित सहर स्वच्छ सहरका रुपमा विकास गर्ने घोषणासमेत प्रदेश सरकारले गरेको छ।

पर्यटकीय विशेष गन्तव्यका रुपमा हरित पैदलमार्ग, पर्यटकीय हरित उद्यानको निर्माण गरिने, धनुषाधाम संरक्षित वनलाई प्रदेशकै गौरव हुने 'जैविक तथा वनजन्तु उद्धार केन्द्रका रुपमा विकास गरिने पर्साको प्रसिद्ध बौद्ध धार्मिकस्थल भिष्वा मठलाई वीरगञ्ज महानगरपालिकाको सहकार्यमा धार्मिक पर्यटकीय गणतव्यस्थलका रुपमा विकास गरिने सरकारले घोषणा गरेको छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा भुलभित्र सुतौं। भयाल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी


## विश्व समाचार

### ६ जना अबोध बालबालिकामाथि अन्धाधुन्ध छुरी प्रहार

पेरिस, २५ जेठ (रासस/एएफपी)।

फ्रान्सेली आल्प्सको एन्नेसी सहरमा एक जना वयस्कसहित छ जना बालबालिका छुरी आक्रमणको शिकार भएका छन्। बिहीबार बिहान सहरको ताल नजिकैको उद्यानमा चक्कु बोकेर हिँडेका एक व्यक्तिले एक जना वयस्क र तीन वर्ष उमेर समूहका बालबालिकामाथि अन्धाधुन्ध आक्रमण गरेर घाइते बनाएको एक स्थानीय अधिकारीलाई उद्धृत गर्दै सुरक्षा स्रोतले एएफपीलाई बताएको छ। आक्रमणकारीलाई पक्राउ गरिएको छ। आक्रमणमा घाइते भएकामध्ये तीन जनाको अवस्था गम्भीर रहेको सुरक्षा स्रोतले बताएको छ। प्रधानमन्त्री एलिजाबेथ बोर्न आक्रमणबारे जानकारी लिन र त्यहाँको वस्तुस्थिति बुभ्न घटनास्थल जाने तयारमी हुनुहुन्छ। फ्रान्सेली सञ्चारमाध्यममा आक्रमणको खबर सार्वजनिक भएपछि राष्ट्रिय संसद्का सदस्य एक मिनेट मौन भएका थिए। आक्रमणकारी फ्रान्समा शरण चाहने सिरियाली नागरिक भएको बताइएको छ। यसैबीच, राष्ट्रपति इम्यानुएल म्याक्रोँले आक्रमणको निन्दा गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

### सडक दुर्घटनामा चौविस यात्रीको मृत्यु

सारी पुल, अफगानिस्तान, २५ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी सारी पुल प्रान्तमा बुधबार भएको सडक दुर्घटनामा २४ जनाको मृत्यु भएको छ। एउटा मिनीबस खाल्डोमा खस्दा २४ यात्रुको मृत्यु हुनुका साथै अन्य घाइते भएका प्रान्तीय प्रहरी प्रवक्ता दिन मोहम्मद नाजारीले बिहीबार जानकारी दिएका हुन्। चालकको लापरबाहीका कारण बुधबार साँभ सयद जिल्लामा भएको उक्त दुर्घटनामा १२ जना महिला, आठ बालबालिका र चार जना पुरुषले ज्यान गुमाएका प्रवक्ता नाजारीले बताए। दुर्घटनामा गम्भीर घाइते भएकी एक महिलालाई नजिकैको स्वास्थ्य केन्द्र पुर्याइएको छ। युद्धग्रस्त अफगानिस्तानमा बुधबार भइको यो दोस्रो सडक दुर्घटना हो। यसअघि बुधबार बिहान मध्यबामियान प्रान्तमा भएको सडक दुर्घटनामा १४ यात्रु घाइते भएका थिए। भीडभाड भएका सडकमा लापरवाहीपूर्ण ढङ्गले सवारी चलाउँदा अफगानिस्तानमा प्रायः घातक दुर्घटना हुने गरेका छन्।

### 'महासागर जापानको निजी ढल होइन'

बेइजिङ, २५ जेठ (रासस/सिन्ह्वा)।

चीनले समुद्र र महासागर जापानका निजी ढल नभई मानवजातिको साभा सम्पत्ति हुन् भन्दै आणविक केन्द्रको प्रदूषित पानी समुद्रमा विसर्जन गर्नु टोकियोको 'अत्यधिक स्वार्थी र गैरजिम्मेवारपूर्ण काम' भएको टिप्पणी गरेको छ। महासागर र समुद्रमा 'रेडियोएक्टिभ' तत्वले प्रदूषित पानी बिसर्जन गर्ने जापानको गैरजिम्मेवारीपूर्ण कामबारे बेइजिङमा बुधबार भएको नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले उक्त टिप्पणी गरेका हुन्। जापान सरकारले फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्कने प्रदूषित पानी हानिरहित भएको दाबी गर्दै त्यसलाई समुद्रमा विसर्जन गर्नु न्यायोचित भएको गर्दै त्यसलाई एकमात्र विकल्प भन्दै आएको छ तर तथ्यले अन्यथा प्रमाणित गरेको उनले बताए। जापानी मिडियाका अनुसार टोकियो इलेक्ट्रिक पावर कम्पनीद्वारा हालै जारी गरिएको एक प्रतिवेदनमा फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्काशन हुनने पानी जापानको खाद्य सुरक्षा कानुनमा तोकिएकोस्तरभन्दा अधिक रहेको उल्लेख छ।

"अन्तर्राष्ट्रिय समुदायमा धेरैले यो प्रश्न सोधिरहेका छन्, यदि आणविक केन्द्रबाट दूषित पानी जापानले भनेजस्तै सुरक्षित थियो भने उसले किन त्यसलाई आफ्नै देशका तालतलैयामा नछाडेर सुरुङमार्गमार्फत समुद्रमा किन विसर्जन गरेको हो?" प्रवक्ता वाङले प्रतिप्रश्न गर्दै जापानले सुमद्रलाई निजी ढलका रुपमा प्रयोग गरेको बताए। सस्तो विकल्प रोज्दा त्यस गरिएको उनको आशय थियो।

### दक्षिण अफगानिस्तानमा दुर्घटना : नौ जनाको मृत्यु, एकतिस घाइते

कलात (अफगानिस्तान), २५ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी जाबुल प्रान्तमा बिहीबार भएको सडक दुर्घटनामा कम्तीमा नौ यात्रुको मृत्यु हुनुका साथै अन्य ३१ जना घाइते भएका छन्। प्रान्तीय राजधानी कलात शहरमा यात्रुवाहक बस विपरीत दिशाबाट आइरहेको अर्को सवारीसाधनसँग ठोक्किँदा बालबालिका र महिलासहित नौ जनाको घटनास्थलमै मृत्यु भएको र ३१ जना घाइते भएका प्रान्तीय प्रहरीले एक विज्ञप्ति निकालेर जनाएको छ। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको विज्ञप्तिमा उल्लेख छ।बुधबार साँभ अफगानिस्तानको उत्तरी सारी पुल प्रान्तमा यात्री बोकेको एउटा मिनीबस खाल्डोमा खस्दा २४ जनाको मृत्यु भएको थियोभने सोही दिन बिहान मध्य बामियान प्रान्तमा भएको सडक दुर्घटनामा महिला र बालबालिकासहित १५ जना यात्री घाइते भएका थिए। यात्राको क्रममा सडक सुरक्षा उपाय नअपनाइने युद्धग्रस्त अफगानिस्तानमा भीडभाड भएका सडकमा लापरवाहीपूर्ण ढङ्गले सवारी चलाउँदा प्रायः गम्भीर प्रकृतिका दुर्घटना हुने गरेका छन्।

# ग्रीनल्याण्ड सेकेण्ड्री स्कुलद्वारा उत्कृष्ट ३९ विद्यार्थीलाई सम्मान



**दैनिक समाचारदाता**
**बिराटनगर, २५ जेठ ।**

विराटनगरस्थित ग्रीनल्याण्ड सेकेण्ड्री स्कुलले राष्ट्रिय स्तरको छात्रवृती प्राप्त गर्न सफल आफ्ना ३९ जना विद्यार्थीलाई विहिवार एक कार्यक्रमबीच सम्मान तथा अभिनन्दन गरेको छ ।

स्कुलले एमबिबिएसमा नाम निकाल्न सफल ५ जना, बिएसी नर्सिङतर्फ ६, बि.फार्मेसी तर्फ २, इन्जीनयरिङ्ग तर्फ १३, बिएमएलटी तर्फ ६, बिएसीएजी तर्फ ३, बिभी एस्सीतर्फ १ र बिबिएमा पुर्ण छात्रबृती तर्फ नाम निकाल्ने ३ जनालाई सम्मान गरिएको विद्यालयका प्रचार्य दिपक पोखरेले जानकारी दिएका छन् ।

बि.स. २०७१ सालदेखि नयाँ संरचना र व्यवस्थापनमा संचालित यस विद्यालयका विद्यार्थीहरुले स्थापना कालदेखि नै निरन्तर रुपमा काठमाडौं उपत्यका बाहिर सबभन्दा बढी राष्ट्रिय स्तरको पुर्ण छात्रबृतीमा अध्ययन गर्न सफल भईरहेको विद्यालयका संस्थापक राजिव मिश्रको भनाई छ ।

मिश्रका अनुसार यसका लागि विद्यार्थीहरुलाई कक्षा ११ देखि नै एमबिबिएस तथा इन्जीनियरिङ्ग प्रवेश कक्षाको तयारी गराईन्छ । यसका अतिरीक्त व्यवस्थापन संकाय तर्फ सी-म्याटका अतिरीक्त कक्षाहरु मार्फत समेत विद्यार्थीहरुलाई शुरुदेखिनै तयार पार्ने गरिएको संस्थापक मिश्र बताउँछन् ।

# मिक्चरको ठक्करबाट साइकल यात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

सिमेन्ट घोल्ने मेसिन (मिक्चर) को ठक्करबाट गम्भिर घाइते भएका एक साइकल यात्रीको उपचारका क्रममा मृत्यु भएको छ ।

राजबिराज नगरपालिका वडा नं. ६ स्थित सखडा मोडबाट नेता चौकतर्फ जादै गरेको मिक्चर मेसिनको ठक्करबाट सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ८ बेलहा बस्ने ८६ वर्षिय उचितलाल मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्करबाट गम्भिर घाईते भएका मण्डललाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा सोही अस्पतालमा उपचारका क्रममा बिहीबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीले मिक्सर चालक जिल्लाको खड्क नगरपालिका ५ खोजपुर बस्ने २४ वर्षिय अशोक चौधरी र सहचालक रुपनी गाउँपालिका २ बस्ने २४ वर्षिय नरेश कुमार चौधरीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएकोछ ।

# प्रतिनिधिसभाको आकार ठूलो भयो, तत्काल घटाऔँ

काठमाडौँ, २५ जेठ (रासस) ।

सांसद खिमलाल देवकोटाले प्रतिनिधिसभाको आकार ठूलो भएकाले त्यसलाई घटाउनुपर्ने बताउनुभएको छ । राष्ट्रियसभाको बुधबारको बैठकमा आगामी आर्थिक वर्षको बजेटमाथिको धारणा राख्दै उहाँले प्रतिनिधिसभाको आकार घटाउनका लागि संविधान संशोधनको प्रस्ताव ल्याउन आग्रह गर्नुभयो ।

उहाँले आगामी आर्थिक वर्षको बजेट केन्द्रीकृत सोच र मानसिकताबाट पछाडि हट्न नसकेको बताउनुभयो । अधिकांश मन्त्रालयले राखेका कार्यक्रम र बजेटलाई राष्ट्रपति र प्रधानमन्त्रीसँग जोडिएका कार्यक्रमले रोकेको उहाँको भनाइ थियो ।

सार्वजनिक खर्च पुरावलोकन आयोगले सिफारिस गरेका कार्यालयलाई खारेज गर्नेलगायतका विषय सकारात्मक रहेको उल्लेख गर्दै उहाँले प्रदेश र स्थानीय तहलाई गर्नुपर्ने वित्तीय हस्तान्तरणलगायतका विषयमा सरकार प्रभावकारी हुन नसकेको बताउनुभयो ।

सङ्घीय सरकारले आफूलाई मालिक सम्झने प्रवृत्तिले वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसक्ने सांसद देवकोटाको भनाइ छ । निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम मसानघाटमा पुगिसकेको भए पनि त्यसलाई ब्युँताउन सत्तापक्ष र प्रतिपक्ष नै लागेकामा उहाँले आपत्ति प्रकट गर्नुभयो ।

सांसद वामदेव गौतमले आगामी आर्थिक वर्षको बजेटको आलोचनात्मक दृष्टिकोण राख्नुभयो । उहाँले बजेट समग्रमा सकारात्मक भए पनि कार्यान्वयनमा सधैँ चुक्ने गरेकाले त्यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । काम पनि चल्ने, खर्च नगरे पनि हुने बजेटमा कार्यक्रम नगरिएको भए हुन्थ्यो भन्दै सांसद गौतमले बुद्धि पुऱ्याउन नसकिए आगामी वर्ष मुलुक ठूलो समस्यामा पर्ने धारणा राख्नुभयो ।

सांसद भैरवसुन्दर श्रेष्ठले गन्तव्य, लक्ष्य र उद्देश्यअनुसार बजेट नभएको बताउनुभयो । सांसद भुवनबहादुर सुनारले जनतालाई केन्द्रमा राखेर बजेटमा केही समसामयिक सुधार गर्न सुझाव दिनुभयो । सांसद दिलकुमारी रावल थापाले बजेटले स्पष्ट गन्तव्य तय गर्न नसकेको आरोप लगाउनुभयो ।

सांसद नारायणदत्त मिश्रले उत्पादनमा आधारित अनुदानलगायतका कार्यक्रम बजेटमा प्रभावकारीरूपमा सम्बोधन गरिएको भए पनि त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम स्वागतयोग्य रहेको भन्दै उहाँले विद्यार्थीलाई पत्रु खाना खान नदिने व्यवस्थाको उहाँले प्रशंसा गर्नुभयो ।

सांसद गोपाल भट्टराईले धेरै आयोजनामा बजेट छरिएको बताउनुयो । सांसद गोपीबहादुर सार्की अछामीले बजेटका केही चुनौती रहेको उल्लेख गर्दै राजश्व परिचालन, अर्थतन्त्रको गति नभए पनि सरकारले आर्थिक विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणमा गरेको सकारात्मक प्रयासका कारण सहज वातावरण बन्दै गएको बताउनुभयो । उहाँले बजेटले राखेका उद्देश्यले जनतामा सकारात्मक प्रभाव पारेको भए पनि कार्यान्वयन पक्षलाई ध्यान दिन आग्रह गर्नुभयो ।

सांसद गोमादेवी तिमिल्सिनाले विकास निर्माणको काममा बजेट विनियोजन भए पनि गुणस्तरमा ध्यान नदिइएको, कृषि अनुदानको दुरुपयोग भइरहेकाले त्यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो । सांसद दुर्गा गुरुङ र शारदादेवी भट्टले आगामी आर्थिक वर्षको बजेटको सकारात्मक र नकारात्मक पक्षको उजागर गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

सांसद मायाप्रसाद शर्माले आगामी आर्थिक वर्षको बजेट अर्थतन्त्रको सुधारमा केन्द्रीत रहेको उल्लेख गर्दै पिछडिएको कर्णाली प्रदेशलाई ध्यान दिइएकामा प्रसन्नता व्यक्त गर्नुभयो । राष्ट्रियसभाको अर्को बैठकमा समेत छलफल जारी रहनेछ ।

# 'गर्मीले तराईको जनजीवन कष्टकर भयो'

काठमाडौँ, २५ जेठ (रासस) ।

सांसदले तराई-मधेसमा केही दिनयता चर्को गर्मीले जीवन कष्टकर भएको जनाउँदै आवश्यक राहतका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद निर्मला कोइरालाले तराई-मधेसका जिल्लामा गर्मीका कारण लु चलेको र जीवन कष्टकर भएको अवस्थामा विद्युत् आपूर्ति नियमित नहुँदा जनजीवन झन कठिनाइ भएकाले विद्युत् नियमित आपूर्तिका लागि सरकारको ध्यनाकर्षण गराउनुभयो ।

सांसद प्रदीप पौडेलले देशभर तापक्रम वृद्धि भएर ४४ डिग्री सेल्यिस पुगेको र जनजीवन कष्टकर भएको तथा कृषि क्षेत्रमा असर पुगेको अवस्थामा तत्कालीन र दीर्घकालीन सामाधानका आवश्यक उपायका बारेमा सरकारसँग माग गर्नुभयो ।

सांसद नारायणी शर्माले दाङको सीमा नाका क्षेत्रका बासिन्दाका लागि खानेपानी शिक्षा स्वास्थ्यको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो । सांसद निशा डाँगीले बागमतीका नाममा धेरै राजनीति भएको सरसफाइका नाममा करिब रु २२ अर्ब खर्च भइसकेको तर अझै प्रभावकारी काम नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद प्रतिक्षा तिवारीले बागमती अधिकार सम्पन्न समितिलाई बागमती सभ्यता सुधारका ०.५ प्रतिशत कर रकम उठाइँदै आएको करिब सात अर्बभन्दा बढी रकम जम्मा भइरहेको अवस्थामा त्यसको प्रभावकारी उपयोग गर्न आग्रह गर्नुभयो । सांसद प्रभु साहले किसानका बालीनाली जङ्गली जनावरले नाश गर्ने गरेको अवस्थामा आवश्यक क्षतिपूर्ति नपाएको जनाउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद प्रेम सुवालले मुलुकका ठूला जलविद्युत् आयोजना निर्माणको जिम्मा विदेशीलाई नदिइ नेपाल सरकार आफैँले बनाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद वसन्तकुमार नेम्वाङले मुलुभर गाईबस्तुमा महामारी रोग फैलिएको भन्दै रोग नियन्त्रण तथा समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बीना देवीले रौतहटमा रहेको चिनी मिल बन्द भएको जनाउँदै शीघ्र सञ्चालनका लागि माग गर्नुभयो । सांसद विनिता कठायतले पोर्चुगलमा रहेको नेपालीले नेपाली दूतावास स्थापनाको माग गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**योजना तथा कार्यक्रम छनौट करैतकाल धिआन दियौ**
कोनो योजना, परियोजना या कार्यक्रम छनौट करैतकाल उत्पादकत्व वृद्धि, बेसीसँ बेसी रोजगारी होइबाला, नव परिवर्तनकारी उद्योग विकास तथा प्रवर्द्धन होइबाला, स्थानीय सीप आ श्रोत साधनक समुचित उपयोग होइबाला, कम लागत एवम् छोट समयेमे बेसी प्रतिफल देबएबाला परिणाममुखि आय आर्जनमूलक काजके प्रोत्साहन करु ।
कोनो योजना, परियोजना एवम् कार्यक्रम निर्धारित समयसिमा भितर सम्पन्न कऽ जिम्मेवार नागरिकके कर्तव्य निर्वाह करु ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*